# धार्चे गाउँपालिकाको आर्थिक ऐन, २०८०

**गाउँ सभामा पेश भएको मिति:- २०८०/०३/१० गते**

**गाउँ सभाबाट पास भएको मिति:- २०८०/०३/२३ गते**

**प्रस्तावना** : धार्चे गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २५८ को उपधारा (२) बमोजिम धार्चे गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "धार्चे गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि धार्चे गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. सम्पत्ति कर :**

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्त वा संस्थाको स्वामित्वमा रहेको जग्गा र सो जग्गामा बनेको स्थायी संरचना (घर, टहरा, गोदाम आदी समेत) मा सम्पति कर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने सम्पतिको मूल्यांकन र करको दर अनुसूची (१) वमोजिम हुनेछ।

(३) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको जग्गा तथा सो जग्गामा बनेको भौतिक संरचना लगायतमा सम्पत्ति कर लगाईने छैन ।

(४) अनुसूची (१) बमोजिम लगाईने सम्पत्ति कर चालु आ.व.को प्रथम चौमासिक कार्तिक मसान्त भित्र बुझाउनेलाई लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ । साथै सोही आ.व. भित्र कर भुक्तान नगरी बक्यौता कायम हुन गएमा पहिलो वर्ष १० प्रतिशत र सो भन्दा पहिलेका वर्षहरुको बक्यौतामा क्रमशः थप ५/५ प्रतिशतका दरले थप विलम्ब शुल्क लिनेछ ।

(५) सम्पत्ति कर बुझाउने कुनै करदाताले आफूलो नाममा रहेको सम्पत्ति लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पतिको मूल्यांकनबाट लाग्ने कर रकममा पूर्व बुझाएको रकम घटाई बाँकी रहने रकममा ५० प्रतिशतले हुने थप रकम जरिवाना गरी असुल गरिनेछ ।

**३. भूमि कर (मालपोत):**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिने छ ।

**४. घर जग्गा बहाल कर:** (१) कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा वहाल अंक रकमको १० प्रतिशतका दरले वहालकर लिइनेछ । तर कुनै घरधनीले निजी निवास प्रयोजनका लागि व्यक्ति वा परिवारलाई वहालमा दिएकोमा लाग्ने बहालकर रकममा २० प्रतिशत छुट दिईनेछ ।

(२) बहाल कर निर्धारण गर्ने प्रयोजनको लागि भाडाको न्युनतम दर अनुसूची (३) वमोजिम हुनेछ ।

(३) अनुसूची (३) बमोजिम लगाईने वहालकर चालु आ.व.को प्रथम चौमासिक (कार्तिक मसान्त) अवधिभित्र सोही आ.व.को बहालकर अग्रिम रुपमा बुझाउनेलाई लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ। बक्यौता कायम हुनु गएको वहालकर रकममा पहिलो वर्ष १० प्रतिशत र सोभन्दा अघिल्ला वर्षहरुको बक्यौतामा क्रमशः हरेक वर्षका लागि थप ५/५ प्रतिशतका दरले विलम्ब शुल्क लिईनेछ।

**५. व्यवसाय कर :**

(१) गाउँ पालिका क्षेत्रभित्र व्यवसाय गर्ने गरी दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उच्चोग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुन सुकै कारोवार गर्ने व्यक्ति वा सस्थालाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान विशेष र लगानीका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ ।

(३) गाउँपालिका क्षेत्रमा व्यवसाय गर्दै आएका तर गाउँपालिकामा व्यवसाय दर्ता नगराएका व्यवसायीहरुलाई जति सुकै वर्ष व्यवसाय गरेको भए तापनि चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्र दर्ता गराउन आएमा पछिल्लो अवधिको बढीमा ५ वर्षको कर लिई व्यवसाय दर्ता वा नवीकरण गरिनेछ र सो अवधिमा लाग्ने जरिवानामा शतप्रतिशत छुट दिइनेछ ।

(४) अनुसूची (४) बमोजिम लगाईने व्यवसाय कर चालु आ.व.को प्रथम चौमासिक (कार्तिक मसान्त) भित्र बुझाउनेलाई लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ । साथै सोही आ.व भित्र कर भुक्तान नगरि बक्यौता कायम हुन गएमा पहिलो बर्ष १० प्रतिशत र सो भन्दा अघिका बर्षहरुको बक्यौतामा क्रमशः हरेक बर्षको लागि थप ५ प्रतिशतका दरले बिलम्ब शुल्क लिईनेछ।

६. **जडिबुटी, कवाडी र जिवजन्तु कर** : स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(१) र २ (घ)४ को अधिकार प्रयोग गरी नेपाल सरकार, संघीय मन्त्रालय तथा प्रदेश सरकारका प्रदेश मन्त्रालयले जारी गरेको ऐन नियम निर्देशिका तथा निर्णयहरुको अधिनमा रही विगतको स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ ले गरेको व्यवस्था बमोजिम साविकमा जिल्ला विकास समितिले लिएको कर, दस्तुर, शुल्क, राजस्व समेतलाई मध्यनजर गरी यस गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरुको सम्बन्धमा उक्त वस्तु र सेवाको संकलन उपयोग विक्री वितरण तथा निकासीमा धार्चे गाउँपालिकाले आर्थिक वर्ष २०८०।०८१ का लागि कायम गरेको वस्तु तथा सेवाको शुल्क दस्तुर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाईने र असूल उपर गरिने छ ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल विटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुब्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असूल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राही बाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिने छ ।

१२. **पर्यटन शुल्क** : गाउँपालिकाले आफनो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१३. **सार्वजनिक स्थल प्रयोग दस्तुर** : (१) आवागमनमा अवरोध नहुने गरी सावर्जनिक स्थलमा टेण्ट लगाउनु पर्ने भएमा कारण खुलाई सम्वन्धित वडा कार्यालयबाट अनुमति लिनु पर्नेछ ।

(२) अनुमति दिदा प्रतिदिन प्रति बर्गफिट रु २.०० का दरले शुल्क लिईनेछ ।

(३) विना अनुमति टेण्ट लगाएको पाईएमा लाग्ने शुल्क बराबर थप जरिवाना लिईनेछ ।

(४) मुलुक बाहिरबाट टेन्ट झिकाई लगाएमा कुल टेन्ट भाडाको १० प्रतिशत भाडा कर लिईनेछ। सोको असुली सम्वन्धित वडाहरुबाट गरिनेछ ।

(५) न्याउली झरना प्रवेश शुल्कः नेपालीको लागि रु २०, विदेशीको लागि रु ५०

१४. **बनपैदावार विक्री शुल्क** : (१) गाउँपालिका क्षेत्रभित्रका सबै सामूदायिक वन उपभोक्ता समितिबाट बन पैदावार विक्री गर्दा प्राप्त गर्ने रकममा १० प्रतिशतका दरले वनपैदावार बिक्री शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. **ट्रेकिङ र प्याफटिड शुल्क** : गाउँपालिका क्षेत्रभित्र ट्रेकिड वा -याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत अनुसूची (१३) बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१६. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमका कर छुट दिइने छैन

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिगाउँपालिकाले तोके अनुसार हुनेछ ।

## गैरकरहरु/ निःशुल्क प्रदान गरिने सेवा तथा सिफारिस

| क्र.स | निः शुल्क प्रदान गरिने सेवा तथा सिफारिस विवरण | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| १ | जन्म दर्ता ३५ दिन भित्र | निशुल्क | |
| २ | विवाह दर्ता ३५ दिन भित्र | निशुल्क | |
| ३ | बसाई सराई ३५ दिन भित्र | निशुल्क | |
| ४ | सम्बन्ध बिच्छेद दर्ता ३५ दिन भित्र | निशुल्क | |
| ५ | मृत्यु दर्ता ३५ दिन भित्र | निशुल्क | |
| ६ | निशुल्क उपचार सिफारिस | निशुल्क | |
| ७ | वाल पोषण लागि सिफारिस | निशुल्क | |
| ८ | स्वास्थ्य समस्या सिफारिस | निशुल्क | |
| ९ | आगलागी सिफारिस | निशुल्क | |
| १० | प्राकृतीक प्रकोप बाढी पिडित सिफारिस | निशुल्क | |
| ११ | विपन्न/असहाय/छात्रवृद्धि/आर्थिक सहयोग सिफारिस | निशुल्क | |
| १२ | निवेदन दर्ता | निशुल्क | |
| १३ | सामाजीक सुरक्षा भत्ता पाउने निवेदन दर्ता | निशुल्क | |
| १४ | सामाजीक सुरक्षा पाउने नबिकरण निवेदन | निशुल्क | |
| १५ | भै झगडा मेलमिलाप परामर्श सेवा | निशुल्क | |

### अनुसूची १
### सम्पति कर

| सि.नं. | करयोग्यरमपतिकझ मूल्याङ्कन अक | २०८०/०८१ को प्रस्तावित दर | कै |
|---|---|---|---|
| १ | आ.सि.सि. र भवन र जग्गा | २०० | |
| २ | कर्कटपाताको छाना भएको घर रजग्गा | १५० | |
| ३ | ढुङगाको छाना भएको घर रजग्गा | १०० | |
| ४ | अस्थायी र कच्ची घर र जग्गा | ५० | |

गाउँपालिकाले आवश्यक नीति तथा कार्यविधि तयार गरी घरजग्गा रजिष्ट्रेशन गर्ने छ । रजिष्ट्रेशन बापत प्रति घर रु १०० शुल्क लिईनेछ ।

### अनुसूची २
### भूमिकर (मालपोत)

| सि.न. | राजश्वका क्षेत्रहरु | चालू आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | मालपोत दस्तुर, भूमि कर | २० रोपनी सम्मको रु २०० सो भन्दा माथीको प्रतिरोपनी रु ३०का दरले | २० रोपनी सम्मका न्यूनतम रु २०० र सो भन्दा माथी प्रति रोपनी रु ३० का दरले थप | | १ |

### अनुसूची ३
### घर बहाल कर

गा.पा.क्षेत्र भित्र तपशिल बमोजिम घर बहाल कर लगाईने र असुल उपर गरिने छ ।

| |
|---|
| घर बहाल रकमको १० प्रतिशत |

## अनुसूची ४
## व्यवसाय कर

वार्षिक रुपमा व्यवसाय कर निम्न अनुसार व्यवसाय कर उठाइनेछ ।

| क्र.स | विवरण | नयाँ दर्ता दर रु. | नवीकरण रु. | कैफियत |
|---|---|---|---|---|
| १ | डिपार्टमेन्ट स्टोर दर्ता तथा नवीकरण | १०,०००.० | ५,०००.० | |
| २ | शितधण्डार तथा गोदाम घर | २,०००.० | १,०००.० | |
| ३ | अर्गानिक वस्तु विक्रि केन्द्र | २,०००.० | १,०००.० | |
| | **व्यापारिक वस्तु तथा व्यवसाय** | | - | |
| | व्यवसाय दर्ताः चुरोट तथा रक्सी | | - | |
| | क. साना रु. ५ लाखसम्म | ३,०००.० | १,५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखदेखि १० लाखसम्म | ५,०००.० | २,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| | **खुद्रा व्यवसाय (किराना)** | | - | |
| | क. साना रु. ५ लाखसम्म | १,०००.० | ५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाखसम्म | ३,०००.० | १,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ५,०००.० | २,५००.० | |
| ४ | **ईलेक्ट्रोनिक सामान खरिद बिक्री व्यवसाय** | | - | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ३,०००.० | १,५००.० | |
| | ग. ठुला रु. १० लाखभन्दा माथि | ५,०००.० | २,५००.० | |
| ५ | फर्निसिङ्ग तथा फर्निचर | | - | |
| | क. साना रु. ५ लाखसम्म | ३,०००.० | १,५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ५,०००.० | २,५००.० | |
| | ग. ठुला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| ६ | सुनचाँदी तथा गहना बनाउने पसल | | - | |
| | क.रु २० लाखसम्म | ३,०००.० | १,५००.० | |
| | क. रु.२० लाख देखि ५० लाखसम्म | ५,०००.० | २,५००.० | |
| | ग. रु. ५० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| ७ | कपडा पसल फेन्सी स्टोर | | - | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ३,०००.० | १,५००.० | |
| | ग. ठुला रु. १० लाखभन्दा माथि | ५,०००.० | २,५००.० | |
| ८ | सामान ढुवानी तथा कम्पनी ट्रान्सपोट सर्भिस | ३,०००.० | १,५००.० | |
| ९ | मदिरा डिलर | ७,०००.० | ३,५००.० | |
| १० | फोटो स्टुडियो | २,०००.० | १,०००.० | |
| ११ | कलर ल्याव | ५,०००.० | २,५००.० | |
| १२ | मसाज पार्लर | ३,०००.० | १,५००.० | |
| १३ | ब्युटिपार्लर/केश श्रृंगार | २,०००.० | १,०००.० | |
| १४ | कस्मेटीक पसल | २,०००.० | १,०००.० | |
| १५ | ड्राई क्लिन | २,०००.० | १,०००.० | |
| १६ | घडी मर्मत तथा बिक्री पसल | १,०००.० | ५००.० | |
| १७ | मासु विक्रेता | | - | |
| | क. खुद्रा रु.५ लाखसम्मको | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला ५ लाखभन्दा माथि रु. १० लाख | ५,०००.० | २,५००.० | |
| | ग. थोक तथा १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| १८ | फलफुल तथा तरकारी विक्रेता | १,०००.० | ५००.० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | प्लाईउड पसल | ३,०००.० | १,५००.० | |
| २० | मार्वल पसल | ७,०००.० | ३,५००.० | |
| २१ | डेरी पसल | १,०००.० | ५००.० | |
| २२ | जुत्ता चप्पल खुद्रा पसल | २,०००.० | १,०००.० | |
| २३ | कुटानी पिसानी | | – | |
| | क. साना रु. ५ लाखसम्म | १,०००.० | ५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख सम्म | २,०००.० | १,०००.० | |
| | ग. ठुला रु.१० लाखभन्दा माथि | ३,०००.० | १,५००.० | |
| २४ | पान पसल | १,०००.० | ५००.० | |
| २५ | ग्याँस डिपो | ३,०००.० | १,५००.० | |
| २६ | सेरामिक्स पसल | २,०००.० | १,०००.० | |
| २७ | ह्याण्डिक्राफ्ट/ हस्तकला | १,०००.० | ५००.० | |
| २८ | सोलार बत्ती मेसिनरी औजार बिक्री | ५,०००.० | २,५००.० | |
| २९ | सम्पुर्ण व्यवस्था भएको पार्टी प्यालेस | ७,०००.० | ३,५००.० | |
| ३० | कोठा भाडामा लिई सामान राखेका क्याटरिङ्ग | ३,०००.० | १,५००.० | |
| ३१ | रंगरोगन पसल | २,५००.० | १,२५०.० | |
| ३२ | मोबाईल मर्मत तथा विक्री केन्द्र | २,०००.० | १,०००.० | |
| ३३ | निर्माण सामाग्री सप्लायर्स/ डिपो | ७,०००.० | ३,५००.० | |
| ३४ | यातायात व्यवसायी | ३,०००.० | १,५००.० | |
| ३५ | अटो तथा स्पेयर पार्टस सप्लायर्स | १०,०००.० | ५,०००.० | |
| ३६ | स्टेशनरी | २,०००.० | १,०००.० | |
| ३७ | आयात/निर्यात | | – | |
| | क. रु. ५० लाखसम्मको | ५,०००.० | २,५००.० | |
| | ख. ५० लाखभन्दा माथि | १०,०००.० | ५,०००.० | |
| ३९ | भाँडा पसल | | – | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ३,०००.० | १,५००.० | |
| | ग. ठुला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| ४० | प्लाष्टिकका भाँडा पसल | १,०००.० | ५००.० | |
| ४१ | मिनिमार्ट / ग्रोसरी | ७,०००.० | ३,५००.० | |
| ४२ | कम्प्लेक्स तथा विजनेस मार्ट | ५,०००.० | २,५००.० | |
| ४३ | माटोका भाँडा बेच्न पसल | ५००.० | २५०.० | |
| ४४ | मुर्ती बनाउने/बेच्न पसल | १,०००.० | ५००.० | |
| ४५ | एक्वारियम पसल | १,०००.० | ५००.० | |
| ४६ | धागो, टाँक पसल | ५००.० | २५०.० | |
| ४७ | काठ-गोदाम तथा काठ-चिरान | ३,०००.० | १,५००.० | |
| ४८ | बाईक / मोटर पार्टस पसल | ३,०००.० | १,५००.० | |
| ४९ | लेथमेसिन | २,०००.० | १,०००.० | |
| ५० | केनल क्लव तथा Animal Breeding Center | १,०००.० | ५००.० | |
| ५१ | वर्गीकृत नभएका अन्य खाद्यान्नसम्बन्धी उद्योग | ३,०००.० | १,५००.० | |
| ५२ | खेलौना तथा उपहार विक्रेता | १,०००.० | ५००.० | |
| ५३ | हार्डवेयर व्यवसाय | | – | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ३,०००.० | १,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| ५४ | पेट्रोलियम पदार्थ, स्टोर वा डिपो | ७,०००.० | ३,५००.० | |

| | | | | |
|---|---|---|---|---|
| ५५ | सवारी साधन विक्रेता | | - | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ३,०००.० | १,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| ५६ | अन्य वर्गीकृत नभएका व्यवसायहरुः | | - | |
| | क. साना रु. ( ५ लाखसम्मको) | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला (५ लाखदेखि २५ लाखसम्मको) | ३,०००.० | १,५००.० | |
| | ग. टूला ( २५ लाखदेखि १ करोडसम्म ) | ७,०००.० | ३,५००.० | |
| | घ. ठूला (१ करोडभन्दा माथि) | १०,०००.० | ५,०००.० | |
| | **उत्पादनमुलक उद्योग** | | - | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ५,०००.० | २,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| | **उर्जामुलक उद्योग** | | - | |
| | क. साना रु. ५ लाखसम्म | ३,०००.० | १,५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ५,०००.० | २,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| | **कृषि तथा वनजन्य उद्योग** | | - | |
| | क. साना रु. ५ लाखसम्म | १,०००.० | ५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | २,०००.० | १,०००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ३,०००.० | १,५००.० | |
| | **पर्यटन उद्योग** | | - | |
| | क. होमस्टे राखी व्यवसाय गर्न (प्रति घर) | २,०००.० | १,०००.० | |
| | ख. होटल तथा गेष्टहाउस १५ कोठासम्म | ७,०००.० | ३,५००.० | |
| | ग. १५ कोठाभन्दा माथि | १०,०००.० | ५,०००.० | |
| | **घरेलु उद्योग तथा कलकारखाना** | | - | |
| | क. साना रु. ५ लाखसम्म | ३,०००.० | १,५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ५,०००.० | २,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ७,०००.० | ३,५००.० | |
| | **खनिज उद्योग** | | - | |
| | क. साना रु. ५ लाखसम्म | ५,०००.० | २,५००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | ७,०००.० | ३,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | १०,०००.० | ५,०००.० | |
| | डेरीजन्य पदाथ तथा बिस्कुट/चकलेट उद्योग | ३,०००.० | १,५००.० | |
| | सुर्तीजन्य उद्योग | १०,०००.० | ५,०००.० | |
| | १० डिस्टिलरी उद्योग | ७,०००.० | ३,५००.० | |
| | ग्रिल/ आल्मुनियमं उद्योग | ५,०००.० | २,५००.० | |
| | जुत्ता-चप्पल उद्योग | | - | |
| | क. रु. ५ लाखसम्म | ३,०००.० | १,५००.० | |
| | ख. रु. ५ लाखभन्दा माथि | ५,०००.० | २,५००.० | |
| | बेकरी उद्योग | | - | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख.मझ्यौला रु.५ लाखभन्दा माथि १० लाख सम्म | ३,०००.० | १,५००.० | |
| | ग. ठुला रु. १० लाखभन्दा माथि | ५,०००.० | २,५००.० | |
| | ह्याचरी उद्योग | | - | |
| | क.साना : रु.५० लाख सम्म | ३,०००.० | १,५००.० | |

| | | | | |
|---|---|---|---|---|
| | ख.ठूला : रु.५० लाख भन्दा माथि | ७,000.0 | ३,५00.0 | |
| | गलैंचा उद्योग | | - | |
| | क. साना : रु.५० लाखसम्म | ३,000.0 | १,५00.0 | |
| | ख. ठुला : रु.५० लाखभन्दा माथि | ७,000.0 | ३,५00.0 | |
| | कागज उद्योग | ३,000.0 | १,५00.0 | |
| | प्लाष्टि उद्योग | ४,000.0 | २,000.0 | |
| | कवाडी उद्योग | ३,000.0 | १,५00.0 | |
| | पानी प्रशोधन तथा मिनिरल वाटर उद्योग | ५,000.0 | २,५00.0 | |
| | पस्मिना उद्योग | ५,000.0 | २,५00.0 | |
| | **मर्मत तथा व्यवसाय** | | | |
| १ | टेलिफोन, फ्याक्स, फोटोकपी, मोबाईल फोन सेवा,आई.एस.टि.डि, एस.टि.डि, ईन्टरनेट मर्मतकम्प्यूटर टाईपिङ सेवा, ग्यौंस चुलो/प्रेसरकुकर/वाटरपम्प, साईकल तथा टेलिभिजन मर्मत | २,000.0 | १,000.0 | |
| २ | मोटरसाईकल तथा अन्य सर्भिसिङ | ३,000.0 | १,५00.0 | |
| ३ | कार तथा मोटरसाईकल वासिङ सेन्टर | ४,000.0 | २,000.0 | |
| ४ | कार, ट्रक, बस मर्मत तथा सर्भिसिङ | ७,000.0 | ३,५00.0 | |
| ५ | कार तथा मोटरसाईकल ट्रायल सेन्टर | ५,000.0 | २,५00.0 | |
| ङ. | मनोरञ्जन तथा सूचना-प्रवाह व्यवसाय | | - | |
| १ | पार्क तथा पिकनिक स्पष्ट | १,५00.0 | ७५0.0 | |
| २ | क्यासिनो | २0,000.0 | १0,000.0 | |
| ३ | टेलिभिजन स्टेसन | ५,000.0 | २,५00.0 | |
| ४ | रेडियो एफ.एम. | ३,000.0 | १,५00.0 | |
| ५ | स्विमिङ्ग पुल तथा फिटनेश सेन्टर | ३,000.0 | १,५00.0 | |
| ६ | योगा, जुम्बा तथा अन्य | १,000.0 | ५00.0 | |
| ७ | अन्य तालिम केन्द्रहरु | १,000.0 | ५00.0 | |
| ८ | फुटसल तथा अन्य खेलकुद | ५,000.0 | २,५00.0 | |
| ९ | ट्रेकिङ्ग / टुर/ट्राभल एजेन्सी व्यवसाय | २,000.0 | १,000.0 | |
| १0 | केबुल नेटवर्क | | - | |
| | क. ठुला रु. ५ लाखभन्दा माथि | ५,000.0 | २,५00.0 | |
| | ख. साना रु ५ लाखसम्म | ३,000.0 | १,५00.0 | |
| ११ | चलचित्र प्रदर्शन घर | ४,000.0 | २,000.0 | |
| १२ | पुलहाउस/स्नोकर | ३,000.0 | १,५00.0 | |
| १३ | साईबर तथा ईन्टरनेट क्याफ | ३,000.0 | १,५00.0 | |
| १४ | विभिन्न किसिमका अनलाईन मिडिया तथा न्युज पोर्टलहरु | २,000.0 | १,000.0 | |
| च. | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | | - | |
| १ | परामश सेवा | | - | |
| | क. साना रु. ५ लाखसम्म | १,000.0 | ५00.0 | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १0 लाख | २,000.0 | १,000.0 | |
| | ग. ठूला रु. १0 लाखभन्दा माथि | ३,000.0 | १,५00.0 | |
| २ | कानून व्यवसायी | ५00.0 | २५0.0 | |
| ३ | ईन्जिनियरिङ्ग तथा कन्सल्टेन्सी | २,000.0 | १,000.0 | |
| ४ | सुधार केन्द्र | ३,000.0 | १,५00.0 | |
| ५ | लेखापरीक्षक | | - | |
| | क वर्ग | ५,000.0 | २,५00.0 | |
| | ख वर्ग | ३,000.0 | १,५00.0 | |
| | ग वर्ग | २,000.0 | १,000.0 | |

| | | | | |
|---|---|---|---|---|
| | घ वर्ग | १,०००.० | ५००.० | |
| | सि.ए | ५,०००.० | २,५००.० | |
| ६ | दन्त चिकित्सक | १,०००.० | ५००.० | |
| ७ | अनुसन्धानकर्ता तथा परामर्शदाता | २,०००.० | १,०००.० | |
| ८ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | | - | |
| | क. श्रेणी विज्ञ | २,०००.० | १,०००.० | |
| | ख. श्रेणी सामान्य | १,०००.० | ५००.० | |
| ९ | बिमा अभिकर्ता | १,०००.० | ५००.० | |
| १० | सर्भेयर | १,०००.० | ५००.० | |
| ११ | अनुवादक | १,०००.० | ५००.० | |
| १२ | संस्थागत पेन्टर | ३,०००.० | १,५००.० | |
| १३ | सामान्य पेन्टर ( फ्लेक्स, ब्यानर ईत्यादि समेत) | १,०००.० | ५००.० | |
| १४ | सञ्चारसेवा हुलाक चिठीपत्र कुरियर | १,०००.० | ५००.० | |
| १५ | विदेशी मुद्रा सटही काउण्टर/मनी ट्रान्सफर | ३,०००.० | १,५००.० | |
| १६ | धितोपत्र (शेयर) कारोबारवाला | ४,०००.० | २,०००.० | |
| १७ | बिज्ञापन एजेन्सी | २,०००.० | १,०००.० | |
| १८ | बैदेशिक रोजगारसेवा | ५,०००.० | २,५००.० | |
| १९ | स्वदेशी रोजगार | १,०००.० | ५००.० | |
| २० | शेयर ब्रोकर | १०,०००.० | ५,०००.० | |
| २१ | जुत्ता सिउने पसल | १,०००.० | ५००.० | |
| २२ | शैलुन / जेन्स पार्लर | १,०००.० | ५००.० | |
| २३ | मोबाईल मर्मत पसल | २,०००.० | १,०००.० | |
| २४ | ट्युसन सेन्टर तथा अन्य ईन्स्टिच्यूट | २,०००.० | १,०००.० | |
| २५ | अन्य व्यवसायिक सेवाहरुः | | - | |
| | क. फार्मेसी | २,०००.० | १,०००.० | |
| | ख. चश्मा पसल | १,५००.० | ७५०.० | |
| | ग. कल सेन्टर | २,०००.० | १,०००.० | |
| २६ | सिलाई पसल (सर्टिङ, सटिङ, टेलरिङ्ग) | | - | |
| | क. साधारण (रु. ५ लाखसम्म ) | १,०००.० | ५००.० | |
| | ख. मझ्यौला (रु. ५ लाखदेखि १० लाखसम्म ) | २,०००.० | १,०००.० | |
| | ग. ठुला (रु. १० लाखभन्दा माथि) | ३,०००.० | १,५००.० | |
| २७ | ड्राईभिङ्ग ट्रेनिङ्ग सेन्टर | | - | |
| | क. मोटरसाईकल / स्कूटर | ३,०००.० | १,५००.० | |
| | ख. मोटर लाईट/हेभी | ५,०००.० | २,५००.० | |
| २८ | कुरियर तथा पार्सल | ३,०००.० | १,५००.० | |
| २९ | अनलाईन डेलिभरी सर्भिस /कम्पनी | २,०००.० | १,०००.० | |
| छ. | **निर्माण व्यवसायी** | | - | |
| | निर्माण व्यवसाय | | - | |
| | क वर्ग | २५,०००.० | | |
| | ख वर्ग | २०,०००.० | | |
| | ग वर्ग | १७,०००.० | | |
| | घ वर्ग | १५,०००.० | | |
| | घ वर्ग निर्माण व्यवसाय नवीकरण (असोज मसान्त सम्म) | | २,५००.० | |
| | घ वर्ग निर्माण व्यवसाय नवीकरण ( कार्तिक देखि चैत्रम्म) | | ४,०००.० | |
| | 'घ' वर्ग निर्माण व्यवसाय प्रा.लि.मा परिणत | ५,०००.० | | |
| | 'घ' वर्ग निर्माण व्यवसाय ठाउँसारी/ नामसारी | २,०००.० | | |

| | | | | |
|---|---|---|---|---|
| ज. | बित्तीय व्यवसाय | | - | |
| | बाणिज्य बैंक शाखा | | - | |
| | क. केन्द्र | ७,०००.० | ३,५००.० | |
| | ख. शाखा | ५,०००.० | २,५००.० | |
| | विकास बैंक शाखा | | - | |
| | क. केन्द्र | ७,०००.० | ३,५००.० | |
| | ख. शाखा | ५,०००.० | २,५००.० | |
| | बीमा कम्पनीका शाखा विस्तार | ४,०००.० | २,०००.० | |
| | सहकारी बैंक | ५,०००.० | २,५००.० | |
| | बचत तथा ऋण सहकारी | ४,०००.० | २,०००.० | |
| | बहुउद्देश्यीय सहकारी | ५,०००.० | २,५००.० | |
| | कृषि सहकारी | ३,०००.० | १,५००.० | |
| | महिला सहकारी संस्था | ३,०००.० | १,५००.० | |
| | मनी एक्सचेन्ज तथा ट्रान्सफर कम्पनी | ३,०००.० | १,५००.० | |
| | ए.टि.एम. बुथ (शाखा कार्यालय भएको ठाउँमा लागु नहुने) | ३,०००.० | १,५००.० | |
| झ. | स्वास्थ्य तथा सेवा व्यवसाय | | - | |
| | निजी अस्पताल | १०,०००.० | ५,०००.० | |
| | सामुदायिक अस्पताल | ८,०००.० | ४,०००.० | |
| | नर्सिङ्गहोम क्लिनिक | ७,०००.० | ३,५००.० | |
| | ल्याव | ४,०००.० | २,०००.० | |
| | फिजियोथेरापी | ३,०००.० | १,५००.० | |
| ञ. | भोजन, आवास, सत्कार, होटेल तथा पर्यटन व्यवसाय | | - | |
| | साधारण रेस्टोरेन्ट/ भोजनालय | | - | |
| | क. साना रु. ५ लाखसम्म | २,०००.० | १,०००.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि | ३,०००.० | १,५००.० | |
| | ग. ठूला रु. १० लाखभन्दा माथि | ५,०००.० | २,५००.० | |
| | जलपान पसल तथा चियाकफी | १,०००.० | ५००.० | |
| | मिठाई पसल | | - | |
| | क. साना रु. ५ लाखसम्म | १,५००.० | ७५०.० | |
| | ख. मझ्यौला रु. ५ लाखभन्दा माथि १० लाख | २,०००.० | १,०००.० | |
| | ग. ठुला रु. १० वाखन्दा माथि | ४,०००.० | २,०००.० | |
| ट. | कृषि, पशु तथा वन पैदावर उद्योग व्यवसाय | | - | |
| | पशुचिकित्सक | १,५००.० | ७५०.० | |
| | पशुचिकित्सा क्लिनिक | ३,०००.० | १,५००.० | |
| | औषधी पसल / भेटेरिनरी तथा सर्जिकल ईक्विपमेन्ट पसल | ३,०००.० | १,५००.० | |
| | पशु तथा कृषि व्यवसाय | २,०००.० | १,०००.० | |
| | नर्सरी | १,०००.० | ५००.० | |
| ठ. | शिक्षातर्फ | | - | |
| | शिशु स्याहार केन्द्र तथा मन्टेश्वरी | २,०००.० | १,०००.० | |
| | पुर्वप्राथमिक र मन्टेश्वरीसम्म | ३,०००.० | १,५००.० | |
| | आधारभुत तहका विद्यालयहरु | | - | |
| | १ देखि ५ सम्म | ५,०००.० | २,५००.० | |
| | उ.मा.वि तथा मा.वि तह | १०,०००.० | ५,०००.० | |
| ड | हात हतियार तथा इजाजत पत्र | - | - | |
| | क भरुवा बन्दुक | | २,०००.० | |
| | ख हावादारि बन्दुक | | १,५००.० | |

|  |  |  |  |  |
|---|---|---|---|---|
|  | खच्चरव्यवसाय |  |  |  |
| ५७ | क. १० वटासम्मको | १,०००.०० | ५०० |  |
|  | ख. सो भन्दा बढी | १,५००.०० | ७५० |  |
| ५८ | आईस क्रिम पसल | ,५००.० | २५० |  |

**नोटः**

१. डिलर, ऐजेन्ट, डिपो सवडिलर आदिवाहेक अन्य पसल, उद्योग व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटमराखी पसल वा व्यवसाय गरेको छ भने सवै आईटममध्ये कुनै एकको मात्र कर लिइनेछ तर यसमा सवै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असूलगरिनेछ ।२. म्याद भित्र नबुझाउने कुनै करदाताहरुवाट बुझाउनु पर्नेसम्पूर्ण व्यवसायकर र प्रतिवर्ष १२ प्रतिशतका दरले जरिवाना सहित असुल गरिनेछ ।

## अनुसूची ५

## जडीबुटी, कबाडी र जीवजन्तु कर

| क्र.सं. | जडीबुटीको नाम | इकाई | वन नियमावली अनुसारको राजश्व प्रति इकाई | आ.व. २०८०।०८१ को गा.पा.को करको दर रेट |
|---|---|---|---|---|
| १ | निरमसी | के.जी. | ५० | २५ |
| २ | जटामसी | के.जी. | २० | १० |
| ३ | कुटको | के.जी. | १५ | ७ |
| ४ | मसिलि कालो | के.जी. | ६ | ३ |
| ५ | कुरिलो जरा | के.जी. | ५ | २ |
| ६ | सतुवा जरा | के.जी. | १५ | ७ |
| ७ | पदम चाल | के.जी. | १० | ५ |
| ८ | गाम डोल | के.जी. | १० | ५ |
| ९ | भ्याकुर | के.जी. | १५ | ७ |
| १० | सुगन्धवाल | के.जी. | १५ | ७ |
| ११ | बोझो | के.जी. | ५ | २.५ |
| १२ | विष | के.जी. | १० | ५ |
| १३ | रति | के.जी. | ७ | ३ |
| १४ | दरुहल्दि | के.जी. | ८ | ४ |
| १५ | सुगन्ध / चोत मरुवा | के.जी. | २० | १० |
| १६ | कुकर तरुल / बन तरुल | के.जी. | १५ | ७ |
| १७ | सेतक चिनी / कुकरदाइनो | के.जी. | ५ | २.५ |
| १८ | वनलसुन | के.जी. | १५ | १५ |
| १९ | विष फेज | के.जी. | १० | ५ |
| २० | पिपला | के.जी. | १० | ५ |
| २१ | भुतकेश / मुसुली | के.जी. | ५ | २.५ |
| २२ | पाखानभेद | के.जी. | ५ | २.५ |
| **ख** | **काठको बोक्रा जाति** | **के.जी.** |  |  |
| १ | अल्लो | के.जी. | ५ | २.५ |
| २ | अर्गेली | के.जी. | ५ | २.५ |
| ३ | काउलो / परवन बोक्रा | के.जी. | १० | ५ |
| ४ | दारको बोक्रा | के.जी. | १० | ५ |
| ५ | लोक्ता | के.जी. | ५ | २.५ |
| ६ | काफल | के.जी. | १०० | ५० |
| ७ | दालचिनी / सिन्कौली | के.जी. | ७ | ३.५ |
| ८ | भोजपत्र | के.जी. | २० | ८ |
| ९ | नीम | के.जी. | ५ | २ |
| १० | सल्ला | के.जी. | २ | १ |

| | | | | |
|---|---|---|---|---|
| ११ | दतिवन | के.जी. | १० | ५ |
| १२ | मसुली सेतो | के.जी. | ५ | २ |
| **ग** | **पात जाति** | **के.जी.** | | |
| १ | लौठ सल्ला | के.जी. | २५ | १० |
| २ | धसिगरे / मसिनो पटपटे | के.जी. | ५ | २.५ |
| ३ | तेजपात | के.जी. | २ | १ |
| ४ | तालिस पत्र | के.जी. | ५ | २ |
| ५ | सुनपाती | के.जी. | ५ | २ |
| ६ | घ्युकुमारी | के.जी. | ५ | २ |
| **घ** | **फूल वा विज जाति** | | | |
| १ | टिम्मुर | के.जी. | ८ | ४ |
| २ | अमला | के.जी. | १ | १ |
| ३ | रतिफल | के.जी. | ५ | २ |
| ४ | बर्रो | के.जी. | २ | १ |
| ५ | हर्रो | के.जी. | २ | १ |
| ६ | बनकरेला | के.जी. | १ | ०.५ |
| ७ | इन्द्रायणी विया | के.जी. | १० | ५ |
| ८ | अलैंची | के.जी. | ४ | २ |
| ९ | नागवेली झ्याउ | के.जी. | १० | ५ |
| १० | हलहले | के.जी. | ३ | १ |
| ११ | टटलो | के.जी. | ३ | १ |
| **ङ** | **फूल वा भुवा जाति** | **के.जी.** | | |
| १ | जयन्ती फूल दोण पुष्प | के.जी. | २ | १ |
| २ | नागेश्वर / नारेश्वर | के.जी. | ५ | २ |
| ३ | बुकी | के.जी. | १ | ०.५ |
| ४ | गुराँस फूल | के.जी. | २ | १ |
| **च** | **विरुवा जाति** | **के.जी.** | | |
| १ | चिराइतो | के.जी. | १५ | ७ |
| २ | पाषणभेद पाखनभेद | के.जी. | ५ | २.५ |
| ३ | अमलवेद / पदमचाल | के.जी. | १० | ५ |
| ४ | मजिठो | के.जी. | १५ | ५ |
| ५ | झ्याउ | के.जी. | १५ | ७ |
| ६ | गुच्चि च्याउ | के.जी. | ३०० | १५० |
| ७ | जिवन्ती / सुनगाभा | के.जी. | ३ | १ |
| ८ | निगालो | के.जी. | १०० | ५० |
| ९ | च्याउ साधारण | के.जी. | ५ | १ |
| १० | एक्ले विर | के.जी. | ५ | २ |
| ११ | यार्सागुम्बा | के.जी. | १०००० | ५००० |
| १२ | रिठ्ठाफल | के.जी. | ३ | १ |
| १३ | बज्रयन्ती | के.जी. | २ | १ |
| १४ | रुद्राक्षफल | के.जी. | ८ | ४ |
| १५ | गुर्जा लहरा / गुजार गानो | के.जी. | ५ | २ |
| १६ | सिलाजित गुड्ची | के.जी. | ५० | २५ |
| १७ | खयर | के.जी. | ३०० | १५० |
| **छ** | **बोक्रा जातिहरु** | **के.जी.** | | |
| १ | लोक्ता / अग्रेली | के.जी. | ५ | २ |

| | | | | |
|---|---|---|---|---|
| २ | ओखर | के.जी. | ५ | २ |
| ३ | काफल | के.जी. | १०० | २० |
| ४ | चुत्रो | के.जी. | ८ | ४ |
| ५ | धुपी | के.जी. | २५ | १२ |
| ६ | दालचिनी / तेजपात | के.जी. | ७ | ३ |
| ७ | काउलो | के.जी. | १५ | ७ |
| ८ | भोजपत्र | के.जी. | २० | १० |
| ९ | अँगेरी | के.जी. | ५ | २ |
| **ज** | **अन्य रेजिन** | **के.जी.** | | |
| १ | सालको खोटो | के.जी. | ६ | ३ |
| २ | साल धुप | के.जी. | १० | ५ |
| ३ | मह (भिर मह) | के.जी. | १० | ५ |
| ४ | गुड्चा (गुचा) | के.जी. | ५ | २.५ |
| ५ | सल्लाको खोटो | के.जी. | ६ | ३ |
| ६ | भृङ्गराज | के.जी. | ३०० | १५० |
| ७ | ढुकुरे फूल | के.जी. | १०० | ५० |
| ८ | तितेपाती | के.जी. | १ | ०.५ |
| ९ | कवाडी सबै किसिमको साममाग्री सानो गाडी | प्रतिटिप | ० | ५०० |
| १० | कवाडी  सबै किसिमको साममाग्री ठुला गाडी | प्रतिटिप | ० | १००० |

**अनुसूची ६**

**सवारी साधन कर**

| **सि.नं.** | **व्यवसायको नाम** | **चालु आ.व. को स्वीकृत दर** | **आगामी आ.व. को स्वीकृत दर** |
|---|---|---|---|
| १ | बस, ट्क, लहरी र अन्य हेभी गाडी | ११०० | ११०० |
| २ | भाडाका कार, जिप, भ्यान र ट्याक्टर | ६०० | ६०० |
| ३ | भाडाका मिनिबस, मिनि ट्क | ८०० | ८०० |
| ४ | नीजि कार, मिनि बस, ट्क | ४०० | ४०० |
| ५ | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी | २०० | २०० |
| ६ | व्यवसायिक हेलिकप्टर ल्याड्डिङ शुल्क (प्रति टिप) | | रु.१००० |

गाउँपालिका अन्तर्गत ढुवानीको रुपमा प्रयोग हुने खच्चरहरुमा प्रति खच्चर प्रति टिप रु ५ का दरले शुल्क लिईनेछ । दुई घण्टा वा सो भन्दा बढी सार्वजनिक स्थानमा खच्चरको समूह छोडेमा त्यस्तो प्रति समूहलाई रु ५० शुल्क लिईनेछ ।

**अनुसूची ७**

**विज्ञापन कर**

गापा क्षेत्र भित्र तपशिल बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ ।

क) सववोर्ड प्रति वर्गफिट रु. ५५

ख) होडिंगवोर्ड प्रति वर्गफिट रु. ७५

ग) ग्लो साईनवोर्ड प्रति वर्गफिट रु. ९०

घ) भित्तेलेखन, सटर पेन्टिंग प्रतिवर्गफिट  रु २०

ङ) ब्यानर प्रति हप्ता रु. १२०

च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रु. १०००

छ) डिजिटल बोर्ड प्रति वर्गफिट रु. २००

## अनुसूची ८
## बहाल बिटौरी शुल्क

| सि.न. | राजश्वका क्षेत्रहरु | निर्धारित शुल्क |
|---|---|---|
| १ | बहाल बिटौरी शूल्क | होलसेल पसल, १० कोठा भन्दा बढी भएको होटल र निजि विद्यालय रु. ३०००, मध्यम स्तरको पसल, ५ देखि १० कोठा भएको होटल रु २००० । सामान्य पसल, सामान्य होटल, व्यक्तिगत आवास लगायत अन्य रु १५०० । |
| २ | बहाल बिटौरी शूल्क | कच्ची घर रु. ५०० १ तले ढलान घर रु. १०००<br>२ तले ढलान घर रु. १५०० सोभन्दा माथिको ढलान घर रु. २००० |

## अनुसूची १०
## पार्किङ शुल्क

गापा क्षेत्र भित्र तपशिल बमोजिम पार्किङ शुल्क लगाईने र असुल गरिने छ ।

१. कुनै पनि सवारी साधनले नीजि स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था बाहेक गाँउपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदि स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा तपशिल बमोजिमको पार्किङ शुल्क लिईनेछ ।

| सि.न. | राजश्वका क्षेत्रहरु | प्रस्तावित दर (प्रति पटक) | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | निजी तथा भाडाका ट्रक,बस रु. ३०<br>मिनी बस, टिप्पर रु. २०<br>जीप, टयाक्टर रु. १०<br>मोटरसाइकल स्कुटर रु. ५ | १ | |

## अनुसूची ११
## पर्यटन शुल्क

मनास्लु हिमाल, रुविनाला तथा गणेश हिमाल जस्ता पर्यटकीय क्षेत्रमा जाने ट्र्याक धार्चे गाउँपालिका अन्तर्गत पर्ने हुनाले प्रदेश कानूनको अधिनमा रही नीति बनाई पर्यटन शुल्क निर्धारण गरी कार्यान्वयन गर्नगाउँकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरिनेछ ।

## अनुसूची १२
## सेवा शुल्क दस्तुर

सिफारिस दस्तुर, सरसफाई शुल्क, सार्वजनिक शौचालय, पटके सवारी कर ।

| क्र.स | सेवाशुल्क दस्तुर | चालु आ.व को दर | प्रस्तावित दर |
|---|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिस वंशज | ३०० | ३०० |
| २ | नागरिकताको प्रतिलिपि सिफारिस | ५०० | ५०० |
| ३ | वैवाहिक अंगीकृत नागरिकता सिफारिस | १००० | १००० |
| ४ | अंगीकृत नागरिकता सिफारिस | ० | २००० |
| ५ | जन्म मिति प्रमाणितको सिफारिस | २०० | २०० |
| ६ | अबिवाहित/विवाहित प्रमाणित | ३०० | ३०० |
| ७ | नावालक परिचयपत्रको सिफारिस | ० | ३०० |
| ८ | अंग्रेजीमा गरिने सामान्य सिफारिस | ५०० | ५०० |
| ९ | अंग्रेजीमा गरिने पारिवारिक विवरण नाता कायमको सिफरिस | १००० | १००० |
| १० | नाता प्रमाणितको (नेपालीमा) सिफरिस | ५०० | ५०० |
| १२ | नाता प्रमाणितको(अंग्रेजीमा) सिफरिस | ५०० | १००० |
| १३ | ठेगाना प्रमाणित सिफरिस | ० | ३०० |
| १४ | आर्थिक अवस्था बलियो वा सम्पन्न भएको सिफारिस | ५०० | ५०० |
| १५ | वहाल करको लेखाजोखा सिफारिस | ० | ३०० |
| १६ | व्यापार व्यवसाय बन्दभएको/संचालन नभएको सिफारिस | ३०० | ३०० |
| १८ | मिलापत्र कागजात गराउने निवेदन गर्न सिफारिस | २०० | २०० |

| | | | |
|---|---|---|---|
| १९ | पुर्जामा घर कायम गर्न सिफारिस | २०० | २०० |
| २० | नाम, थर, जन्म मिति संशोधनका लागि सिफारिस | २०० | २०० |
| २१ | नाम वा थर भएको व्यक्ति एउटै हो भन्ने सिफारिस | २०० | २०० |
| २२ | कन्सुलर प्रमाणित | ५०० | ५०० |
| २४ | फुकुवा सिफारिस | २०० | २०० |
| २५ | पेन्सन कार्ड तथा सो सम्बन्धी अन्य सिफारिस | २०० | २०० |
| २६ | नक्कल प्रमाणित | २०० | २०० |
| २७ | जग्गा धनी पुर्जा हराएको सिफारिस | २०० | ५०० |
| २८ | कित्ताकाट/नामसारी गर्न सिफारिस | ० | ५०० |
| २९ | संरक्षक सिफारिस (व्यक्तिगत) | २०० | ३०० |
| ३० | संरक्षक सिफारिस (संस्थागत) | ३०० | ३०० |
| ३१ | पारिवारिक विवरणको सिफरिस | ० | २०० |
| ३२ | बासोबास प्रमाणितको सिफरिस | ३०० | २०० |
| ३३ | सगोल भएको प्रमाणितको सिफरिस | ० | ५०० |
| ३४ | वैवाहिक सम्बन्ध प्रमाणितको सिफरिस | ० | ३०० |
| ३५ | व्यक्तिगत घटना दर्ताजरिवाना तथा प्रतिलिपिको सिफरिस | २०० | ५०० |
| ३६ | चारित्रिक प्रमाणित सर्जिमिन सहितका | ० | २०० |
| ३७ | चारकिल्ला प्रमाणीतको मरुवासरुवा नामसारी अंशबण्डा सिफारिस | ५०० | ५०० |
| ३८ | खानेपानी जडान, नामसारी, ठाउँसारी | ० | ३०० |
| ३९ | बिद्युत जडान संस्थागतको बिद्युत जडान, नामसारी, ठाउँसारी व्यक्तिगतका | ० | ३०० |
| ४० | >विधुत जडान, नामसारी, ठाउँसारी सानाउद्योगका सिफरिस | ० | २५० |
| ४१ | विद्युत जडान, नामसारी, ठाउँसारी मझौला उद्योगका सिफरिस | | २०० |
| ४२ | विद्युत जडान, नामसारी, ठाउँसारी ठूला उद्योगका सिफरिस | ० | ३०० |
| ४३ | कुकाठ कटान सिफारिस गरेको | ० | ६०० |
| ४४ | घरेलु उद्योग सर्जिमिनसहितको सिफरिस | ० | १००० |
| ४५ | ब्यबसाय दर्ता तथा सञ्चालन सिफरिस | ० | ५०० |
| ४६ | व्यवसाय बन्द गरिएको सिफारिस | ३०० | ५०० |
| ४७ | व्यवसाय नाम परिवर्तन सिफारिस | ० | ३०० |
| ४८ | चौपाया सिफारिस | | १५० |
| ४९ | खानेपानी जडान, नामसारी, ठाउँसारी | | २०० |
| ५० | बिद्युत जडान संस्थागतको बिद्युत जडान, नामसारी, ठाउँसारी व्यक्तिगतका | | ३०० |
| ५१ | >विधुत जडान, नामसारी, ठाउँसारी सानाउद्योगका सिफरिस | | ३०० |
| ५२ | विद्युत जडान, नामसारी, ठाउँसारी मझौला उद्योगका सिफरिस | | ३०० |
| ५३ | विद्युत जडान, नामसारी, ठाउँसारी ठूला उद्योगका सिफरिस | | २०० |
| ५४ | सामान्य सिफारिस | | २०० |
| ५५ | निजि स्तरका शैक्षिक संस्था आवेदन दस्तुर सिफरिस | | ५०० |
| ५६ | निजि स्तरका शैक्षिक संस्था खोल्न आधारभुत तह सिफरिस | | १००० |
| ५७ | निजि स्तरका शैक्षिक संस्थाखोल्न मा.वी. तह सिफरिस | | १५०० |
| ५८ | निजी प्रा. वि. तह वार्षीक दस्तुर सिफरिस | | १००० |
| ५९ | निजी नि.मा.वि. तह वार्षीक दस्तुर सिफरिस | | २००० |
| ६० | निजी मा. वि. तह वार्षीक दस्तुर सिफरिस | | २५०० |
| ६१ | प्रति कक्षा थपका लागि आधारभुत तह सिफरिस | | ५०० |

| | | | |
|---|---|---|---|
| ६२ | प्रति कक्षा थपका लागि मा.बी. तह सिफरिस | | १००० |
| ६३ | पालिका स्तरीय लब्धाक पत्र (मार्कसिट) प्रतिलिपी दस्तुर | | २०० |
| ६४ | न्यायीक समितिमा निवेदनदस्तुर न्यायीक समितिमा प्रतीउत्तर दस्तुर | | २०० |
| ६५ | समुह दर्ता सिफरिस | | ३०० |
| ६६ | आमा समुह दर्ता नविकरण सिफरिस | | ३०० |
| ६७ | आमासमुह तथा अन्य समुहसञ्जाल समिति दर्ता सिफरिस | | ३०० |
| ६८ | सार्वजनिक मठ, मन्दिर, गुम्बा, मस्जित, पाटी-प्र सिफरिस | | ५०० |
| ६९ | र चर्च गै.स. संस्था, सहकारी, क्लव सिफारिस | | ३०० |
| ७० | सहकारी संस्थाहरु दर्ता सिफारिस | | ५०० |
| ७१ | संस्थाहरु INGO बार्षीक (अन्तर्राष्टिय गै. स. स.) सिफरिस | | ५००० |
| ७२ | संस्थाहरु NGO बार्षीक सिफरिसक | | ३००० |
| ७३ | व्यवसायिक तथा प्राबिधिक शिक्षालय सिफरिस | | १५०० |
| ७४ | नक्शा पास दस्तुर (प्रतिवर्गफिट) सिफरिस | | |
| ७५ | क. ढलान घर (प्रतिवर्गफिट) | | २ |
| ७६ | ख. ढलान नगरेको घर (प्रतिवर्गफिट) | | १ |
| ७७ | ग. माटोको घर (प्रतिवर्गफिट) | | ०.५ |
| ७८ | नक्शा पास प्रमाण पत्रदस्तुर सिफरिस | | २०० |
| ७९ | नक्शा पास प्रमाण पत्रदस्तुर प्रतिलिपि सिफरिस | | ३०० |
| ८० | योजना सिफारिस प्रदेश सरकार सझौता/सम्पन्न | | ५०० |
| ८१ | योजना सिफारिस संघ सरकार सझौता/सम्पन्न | | ५०० |
| ८२ | योजना सिफारिस पालिका स्थित कार्यालय सझौता/सम्पन्न | | ५०० |
| ८३ | योजना सिफारिस जिल्ला स्थितकार्यालयहरु सझौता/सम्पन्न | | ५०० |

## मूल्यांकन दस्तुर

| क.स | विवरण | प्रस्तावित दस्तुर | क.स | विवरण | प्रस्तावित दस्तुर |
|---|---|---|---|---|---|
| क | आम्दानी प्रमाणित | | ख | सम्पति मूल्यांकन | |
| १ | रु. १० लाख सम्म आम्दानी प्रमाणित | ०.५% | १ | रु. १० लाख सम्म सम्पति प्रमाणित | ०।००३ |
| २ | रु. १० लाख देखि २५ लाख सम्म | ०.५% | २ | रु. १० लाख देखि २५ लाख सम्म | ०।००३ |
| ३ | रु. २५ लाख देखि ५० लाख सम्म | ०.५% | ३ | रु. २५ लाख देखि ५० लाख सम्म | ०।००३ |
| ४ | रु. ५० लाख देखि ७५ लाख सम्म | ०.५% | ४ | रु. ५० लाख देखि ७५ लाख सम्म | ०।००३ |
| ५ | रु. ७५ लाख देखि १ करोड सम्म | ०.५% | ५ | रु. ७५ लाख देखि १ करोड सम्म | ०।००३ |
| ६ | रु. १ करोड देखि १ करोड ५० लाख सम्म | ०.५% | ६ | रु. १ करोड देखि १ करोड ५० लाख सम्म | ०।००३ |
| ७ | रु. १ करोड ५० लाख देखि २ करोड सम्म | ०.५% | ७ | रु. १ करोड ५० लाख देखि २ करोड सम्म | ०।००३ |
| ८ | रु. २ करोड देखि २ करोड ५० लाख सम्म | ०.५% | ८ | रु. २ करोड देखि २ करोड ५० लाख सम्म | ०।००३ |
| ९ | रु. २ करोड ५० लाख देखि ३ करोड सम्म | ०.५% | ९ | रु. २ करोड ५० लाख देखि ३ करोड सम्म | ०।००३ |
| १० | रु. ३ करोड देखि ४ करोड सम्म | ०.५% | १० | रु. ३ करोड देखि ४ करोड सम्म | ०।००३ |
| ११ | रु. ४ करोड देखि ५ करोड सम्म | ०.५% | ११ | रु. ४ करोड देखि ५ करोड सम्म | ०।००३ |
| १२ | रु.५ करोड भन्दा माथी ८ हजार पछिको रकममा प्रति सय ०.२५ पैसाका दरले हुने रकम जोडी लिने । | ०.५% | १२ | रु.५ करोड भन्दा माथी ८ हजार पछिको रकममा प्रति सय ०.२५ पैसाका दरले हुने रकम जोडी लिने । | ०।००३ |

**सरसफाई शूल्क वार्षिक रुपमा निम्न अनुसार हुने छ ।**

| सि.न. | राजश्वका क्षेत्रहरु | चालू आर्थिक वर्षको दर | प्रस्तावित दर |
|---|---|---|---|
| १ | आवासीय घर २ तल्ला सम्म | १००।- | १००।- |
| २ | आवासीय घर २ तल्ला माथी | १५०।- | १५०।- |
| ३ | होटल ,लज सहितको व्यवसायिक | १०००।- | १०००।- |
| ४ | होटल ,सानो चिया नास्ता | ३००।- | ३००।- |
| ५ | मासु पसल रांगा ,खसी | ३००।- | ३००।- |
| ६ | मासु पसल कुखूरा | ४००।- | ४००।- |
| ७ | सैलुन | १००।- | १००।- |
| ८ | तरकारी फलफूल | २००।- | २००।- |
| ९ | पान पसल | ०।०० | ०।०० |
| १० | माछा पसल | १००।- | १००।- |
| ११ | किराना होलसेल पसल | ४००।- | ४००।- |
| १२ | किराना खुद्रा पसल | २००।- | २००।- |
| १३ | फेन्सी ,मुबाईल ,साईबर ,कपडा ,घडी पसल ,चुरा धागो | १००।- | १००।- |
| १४ | सुन पसल | २००।- | २००।- |
| १५ | स्कुल ,क्याम्पस सरकारी | २००।- | २००।- |
| १६ | स्कुल ,क्याम्पस नीजि होस्टल सहित | ५००।- | ५००।- |
| १७ | स्कुल ,क्याम्पस नीजि | ३००।- | ३००।- |
| १८ | कार्यालय सरकारी | ३००।- | ३००।- |
| १९ | कार्यालय नीजि ,संघसंस्था | ४००।- | ४००।- |
| २० | उद्योग ठुलो व्यावसायिक | १०००।- | १०००।- |
| २१ | उद्योग घरेलु ,साना छाला जुत्ता ,झोला | २००।- | २००।- |
| २२ | धान ,च्यरा ,तेल ,मिल आदि | ५००।- | ५००।- |
| २३ | फर्निचर उद्योग | ४००।- | ४००।- |
| २४ | बस ,माइक्रो काउन्टर | २००।- | २००।- |
| २५ | हस्पीटल ,पोलोक्लिनिक सुई सिरिन्ज बाहेक | १५००।- | १५००।- |
| २६ | मेडिकल हल ,एग्रो भेट | ५००।- | ५००।- |
| २७ | कुखूरा फार्म ठुलो ५०० भन्दा बढि | ६००।- | ६००।- |
| २८ | कुखूरा फार्म सानो ५०० भन्दा कम | ३००।- | ३००।- |
| २९ | हार्डवयर ,भाडापसल | ३००।- | ३००।- |
| ३० | स्टेशनरी पसल | १००।- | १००।- |
| ३१ | कापी उद्योग ,छापाखाना | ५००।- | ५००।- |
| ३२ | मोटर वर्कशप | १०००।- | १०००।- |
| ३३ | साईकलमोटरसाईकल वर्कशप | ५००।- | ५००।- |
| ३४ | मोटर ,मोटरसाईकल शोरुम | ३००।- | ३००।- |
| ३५ | मेटल वर्कशप ,मोटर पार्टस ,वर्कशप | ४००।- | ४००।- |
| ३६ | टायर रिसोलिङ | १०००।- | १०००।- |
| ३७ | बैक | ५००।- | ५००।- |
| ३८ | सहकारी संस्था | ३००।- | ३००।- |
| ३९ | टेलरिङ पसल | ४००।- | ४००।- |

| | | | |
|---|---|---|---|
| ४० | इट्टा विक्रि केन्द्र ,भट्टा | २००।- | २००।- |
| ४१ | पेट्रोल पम्प | ३००।- | ३००।- |
| ४२ | मदिरा पसल | ३००।- | ३००।- |
| ४३ | टिभि ,इलेक्टिक तथा मर्मत पसल | ४००।- | ४००।- |
| ४४ | हस्तकला ,आर्टस ,फ्लेक्स | २००।- | २००।- |
| ४५ | सिनेमा हल ,पार्टी प्यालेस ,क्याटरिङ | १०००।- | १०००।- |
| ४६ | दुध डिपो | ३००।- | ३००।- |
| ४७ | व्युटी पार्लर | ३००।- | ३००।- |
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३००।- | ३००।- |
| ४९ | कुखूरा बाहेक कृषि फर्म | ३००।- | ३००।- |
| ५० | अन्य | ३००।- | ३००।- |

**सार्वजनिक शौचालय-** नीजि क्षेत्र संग साझेदारी माध्यमबाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

## अनुसूची १३
## ट्रेकिङ् र -याफ्टिङ्ग शुल्क

ट्रेकिङ्ग र -याफ्टिङ्ग शुल्क धार्चे गाउँ कार्यपालिकाको निर्णयबमोजिम हुनेछ ।

**राजश्व सम्बन्धी अन्य व्यवस्था**

- प्राकृतिक स्रोतको रुपमा रहेका बुढीगण्डकी लगायतका अन्य खोलाहरुमा रहेको ढुगां, गिटी, बालुवा लगायत अन्य प्राकृतिक स्रोतहरुको प्रदेश कानून बमोजिम गरिएको IEE प्रतिवेदनमा उल्लेख भए बमोजिम राजश्व संकलन गरी कानून बमोजिम बाडफाँड गरिनेछ ।
- आर्थिक वर्ष २०७८।७९ बाट कार्यान्वयनगर्ने गरी नेपालको सँविधान बमोजिम बनाउने पर्नेराजस्व सम्बन्धी अत्यावश्यक नयाँ कानून तत्काल बनाउने र सँशोधन गर्नु पर्ने भएमा संशोधन गरी लागु गरिनेछ।
- आय आर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर प्राप्त गर्ने कार्यलाई प्रोत्साहन गरि त्यस्ता कार्यको घुम्ति सिविर सञ्चालन गरिनेछ ।
- राजश्वका थप क्षेत्रहरु पहिचान गरिनेछ ।
- कानुन बमोजिम बाहेक कर लगाउने र कर असुल्ने कार्य गरिने छैन ।

**आज्ञाले**
**काजीमान सुनार**
**प्रमुख प्रशासकीय अधिकृत**